# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## DIBELS र IDEL

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

DIBELS को पूरा रूप Dynamic Indicators of Basic Early Literacy Skills (प्रारम्भिक साक्षरतासम्बन्धी आधारभूत सीपको गतिशील सूचक) हो । यो प्रक्रिया र मापनहरूको एउटा समूह प्रयोग जसले विद्यार्थीले किन्डरगार्टन देखि छैठौं ग्रेडसम्म प्रारम्भिक साक्षरता सीपहरू कतिको आर्जन गर्छन् भनेर जाँच गर्न तयार गरिएको व्यक्तिगत रूपमा प्रयोग हुने मूल्याङ्कन प्रणाली हो । मापन हुने सीपहरूमा स्वनिमसम्बन्धी ज्ञान, पोख्तता र बोध पर्छन् । विद्यार्थीहरूले आफ्नो ग्रेड स्तर र वर्षको समय अनुसार जाँच पूरा गर्छन् ।

IDEL, वा Indicadores Dinámicos del Éxito en la Lectura, स्पेनिसमा पठन गर्न सिकिरहेका विद्यार्थीहरूको साक्षरताका आधारभूत सीपहरू मापन गर्न रचना गरिएको संरचानात्मक मूल्याङ्कनको श्रृंखला हो । दुवै मूल्याङ्कनहरू बच्चाहरूले वर्णमाला भाषाहरूमा कसरी पढ्न सिक्छन् भन्ने एउटै अनुसन्धानको प्रमाणमा आधारित भए पनि IDEL का मापनहरू DIBELS को अनुवादन भने होइन् । IDEL ले स्वर विज्ञान, अर्थोग्राफी र वाक्य रचना सहित स्पेनिस भाषाको भाषिक संरचनालाई पनि विचार गर्छ । मापन मानकीकृत र छोटो हुन्छ, व्यक्तिगत रूपमा प्रयोग गर्न मिल्छ, र स्पेनिस भाषाका साक्षरता सीपहरूको विकास नियमित रूपमा अनुगमन गर्न प्रयोग गर्न सकिन्छ । IDEL ले स्वरसम्बन्धी ज्ञान, वर्णमाला सिद्धान्त, सम्बन्धित पाठमा शुद्धता र पोख्तता, शब्दावली र बोध सहित पठनको सुरुवातका मुख्य घटकहरूका सबै क्षेत्रहरूका सीपहरू मापन गर्छ । IDEL ले जोखिमको थप एक सङ्केतकको रूपमा अक्षर चिन्ने पोख्तता पनि जाँच पनि गर्छ ।

DIBELS र IDEL दुवै Colorado READ Act का लागि अनुमोदित मूल्याङ्कनहरू हुन् र यी मूल्याङ्कनहरू विद्यार्थीको उपलब्धि स्तर र प्रगति नाप्न, विद्यार्थीका पठनका कमजोरीहरू परीक्षण गर्न, विद्यार्थीको आवश्यकता अनुसार निर्देशन प्रदान गर्न प्रयोग गरिन्छ । ग्रेड स्तरभन्दा धेरै कमजोर पठन भएका विद्यार्थीहरूका लागि पठनका लक्षित हस्तक्षेप योजनाहरू (READ योजनाहरू) सिर्जना गर्न DIBELS र IDEL का निदानसम्बन्धी तथ्याङ्क प्रयोग गर्न सकिन्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

Colorado को READ Act (पठनसम्बन्धी ऐन) अनुसार, परीक्षणका निश्चित अवधिहरूका दौरान K-3 का सबै विद्यार्थीहरूलाई अनिवार्य रूपमा राज्य समितिद्वारा अनुमोदित पठनको अन्तरिम मूल्याङ्कनमा जाँच गर्नु पर्छ । READ Act (पठनसम्बन्धी ऐन) सम्बन्धी परीक्षण अवधि शरद, मध्यवर्ष, र वसन्तमा छ हप्तासम्म चल्छ । किन्डरगार्टनका विद्यार्थीहरूले आफ्नो शरदको मूल्याङ्कन पूरा गर्न थप 30 दिन प्राप्त गर्छन् । राज्यको कानुन अनुसार, योग्यता स्तर भन्दा कम अङ्क प्राप्त गर्ने किन्डरगार्टन देखि ग्रेड तीनका विद्यार्थीहरूले आफ्नो पठनको क्षमता प्रमाणित गर्न एउटा देखि दुईवटा अतिरिक्त मूल्याङ्कनमा सहभागी हुनु पर्नेछ ।

**READ Act Testing Windows (पठनसम्बन्धी ऐनको परीक्षण अवधि):**

| | | |
|---|---|---|
| ग्रेड K – 12 | अगस्त अन्तिम – अक्टोबर अन्तिम | शरद |
| ग्रेड K – 12 | डिसेम्बर – मध्य फेब्रुअरी | मध्यवर्ष |
| ग्रेड K – 12 | मे | वसन्त |

विद्यालय अनुसार परीक्षण मिति फरक पर्न सक्छ । आफ्नो बच्चाको निश्चित परीक्षण मितिका लागि कृपया बच्चाका शिक्षकसँग सम्पर्क गर्नुहोस् ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

DIBELS र IDEL ले READ ऐनका तीनवटा परीक्षण अवधिमा विद्यार्थीका लागि प्रवीणताका निम्न नतिजाहरू परिभाषित गर्छन् (कृपया तल हेर्नुहोस्):

1. बेन्चमार्क भन्दा माथि – ग्रेड स्तर भन्दा राम्रो प्रदर्शन गर्ने विद्यार्थीहरू
2. बेन्चमार्कमा – ग्रेड स्तरमा प्रदर्शन गर्ने विद्यार्थीहरू
3. बेन्चमार्क भन्दा तल/रणनीतिक – ग्रेड स्तर भन्दा न्यून प्रदर्शन गर्ने र हस्तक्षेप आवश्यक भएका विद्यार्थीहरू
4. बेन्चमार्क भन्दा धेरै तल/गहन – ग्रेड स्तर भन्दा निकै न्यून प्रदर्शन गरिरहेका र तत्कालै गहन हस्तक्षेप आवश्यक पर्ने विद्यार्थीहरू

आफ्नो बच्चासम्बन्धी निश्चित जानकारीका लागि कृपया आफ्नो बच्चाका शिक्षकसँग सम्पर्क गर्नुहोस् ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

DIBELS र IDEL का मापनहरूमा बच्चाले प्राप्त गरेको अङ्कले बच्चा ग्रेड स्तरको पठनको सफलता प्राप्त गर्न अग्रसर छन् कि छैनन् भन्ने जानकारी विद्यालयलाई प्रदान गर्छ । विद्यालयले प्रत्येक नापका लक्षहरू पूरा नगर्ने विद्यार्थीहरू तुरुन्तै पहिचान गर्न र अतिरिक्त सहयोग प्रदान गर्न सक्छ । उदाहरणको लागि, तपाईंका बच्चा शुद्ध तर विस्तारै शब्दहरू पढ्दै छन् भने शिक्षकले उनको पठनको गति वा पोख्तता सुधार गर्न कथा तथा अनुच्छेदहरू पुन: पढ्ने अतिरिक्त अभ्यास प्रदान गर्न सक्छन् । शिक्षकले अङ्कहरू दिएर विद्यार्थीको प्रगति अनुगमन गर्न सक्छन् ताकी तपाईंको बच्चाले विद्यालय वर्षमा पठनका अन्य सीपहरू सुधार गर्न अतिरिक्त सहयोग प्राप्त गर्छन् भनेर सुनिश्चित गर्न सकियोस् । शिक्षकहरूले पठनसम्बन्धी दैनिक पाठ कसरी तयार गर्ने भन्ने निर्णय बनाउन कक्षाका सबै विद्यार्थीहरूको अङ्क पुनरावलोकन गर्न सक्छन् ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।